# बीमकको मुद्दती निक्षेपमा लगानीको एयरमार्क (Earmark) सम्बन्धी मार्गदर्शन, २०८१


नेपाल बीमा प्राधिकरण

कुपण्डोल, ललितपुर

इमेलः info@nia.gov.np

फोन नं. +९७७-१-५४२१०७९, ५४२८६०४

# बीमकको मुद्दती निक्षेपमा लगानीको एयरमार्क (Earmark) सम्बन्धी मार्गदर्शन, २०८१

*प्रथम संसोधन मिति: २०८२/१०/२७*

**प्रस्तावनाः** नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमा कम्पनीहरूद्वारा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूको मुद्दती निक्षेपमा गरिने लगानीको सम्बन्धमा एकीकृत व्यवस्था गर्न तथा बीमा कम्पनीहरूद्वारा मुद्दती निक्षेपमा भएको लगानीको व्यवस्थापन सुनिश्चित गर्न वाञ्छनीय भएकोले,

बीमा ऐन, २०७९ को दफा १६६ ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायको मार्गदर्शन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मार्गदर्शनको नाम "बीमकको मुद्दती निक्षेपमा लगानीको एयरमार्क (Earmark) सम्बन्धी मार्गदर्शन, २०८१" रहेको छ।

(२) यो मार्गदर्शन तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमाः-

(क) "अनब्लक रिक्वेष्ट" भन्नाले बीमकद्वारा नेपाल बीमा प्राधिकरणको नाममा एयरमार्क गरिएका मुद्दती निक्षेप खाताहरू फुकुवा गर्ने अनुरोध सम्झनु पर्छ।

(ख) "एयरमार्क" भन्नाले बीमकले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूमा खोलेको मुद्दती निक्षेप खाताहरूमा रहेको प्राधिकरणको ग्रहणाधिकार (Lien) सम्झनु पर्छ।

(ग) "एयरमार्क प्रणाली" भन्नाले नेपाल बीमा प्राधिकरणद्वारा बीमकको मुद्दती निक्षेपमा लगानीको नियमन तथा व्यवस्थापनका लागि तयार पारिएको प्रणाली सम्झनु पर्छ।

(घ) "निवेदन" भन्नाले बीमाकले मुद्दती निक्षेप खाता एयरमार्क गर्न वा फुकुवा गर्न पेश गरेको मुद्दती खाता रहेको बैंक तथा वित्तीय संस्थाको नाम र शाखा, मुद्दती निक्षेप रकम, मुद्दती निक्षेप नम्बर, मुद्दती निक्षेप सुरु हुने मिति र मुद्दती निक्षेप परिपक्व हुने मिति उल्लेख भएको आधिकारिक पत्र सम्झनु पर्छ।

(ङ) "प्राधिकरण" भन्नाले नेपाल बीमा प्राधिकरण सम्झनु पर्छ।

(च) "ब्लक रिक्वेष्ट" भन्नाले बीमकले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरूमा खोलेको मुद्दती निक्षेप खाताहरू निश्चित अवधिको लागि प्राधिकरणको नाममा एयरमार्क गर्ने अनुरोध सम्झनु पर्छ।

(छ) "बीमक" भन्नाले नेपाल बीमा प्राधिकरणबाट इजाजतपत्र प्राप्त बीमा कम्पनी सम्झनु पर्छ।

## परिच्छेद-२

## बीमकको मुद्दती निक्षेपमा लगानीको एयरमार्क सम्बन्धी सिद्धान्त

३. **पालना गर्नुपर्ने सिद्धान्तः** बीमकले मुद्दती निक्षेपमा लगानी गर्दा निम्न बमोजिम सिद्धान्तको पालना गर्नुपर्नेछः

(क) **विविधिकरण:** बीमकले नेपाल बीमा प्राधिकरणद्वारा जारी प्रचलित लगानी निर्देशनद्वारा तोकिएको सीमाभित्र रहेर अधिकेन्द्रित जोखिम (concentration risk) कम गर्नका लागि मुद्दती निक्षेपहरूमा आफ्नो लगानी विविधिकरण गर्नुपर्नेछ ।

(ख) **तरलता व्यवस्थापन:** बीमकले बीमितको दायित्व पूरा गर्न र संचालन खर्चहरू पूरा गर्न तरलता व्यवस्थापन रणनीति अपनाई पर्याप्त तरलता कायम गर्नुपर्नेछ ।

(ग) **जोखिम व्यवस्थापन:** बीमकले आफ्नो मुद्दती निक्षेप लगानीको नियमित जोखिम मूल्याङ्कन गरी उक्त जोखिमहरूको न्यूनीकरण गर्न पर्याप्त जोखिम व्यवस्थापनका उपायहरू अवलम्बन गर्नुपर्नेछ ।

(घ) **नियमनकारी परिपालना:** बीमकको मुद्दती निक्षेपमा भएका लगानीहरू नेपाल बीमा प्राधिरकरणबाट जारी भएको प्रचलित लगानी निर्देशनद्वारा तोकिएको सीमा भित्र हुनुपर्नेछ ।

(ङ) **पारदर्शिता:** बीमकले आफ्नो वित्तीय विवरणहरूमा आफ्नो मुद्दती निक्षेप लगानीहरू उल्लेख गर्दा पारदर्शिता कायम गर्नुपर्नेछ र लगानी निर्देशन तथा वित्तीय विवरण सम्बन्धी निर्देशनद्वारा निर्देशन भए बमोजिम प्राधिकरणलाई नियमित रूपमा जानकारी उपलब्ध गराउनु पर्नेछ ।

(च) **सम्पत्ति दायित्व व्यवस्थापन (ALM):** मुद्दती निक्षेपमा भएको लगानी बीमकको सम्पत्ति दायित्व व्यवस्थापन (ALM) नीति र रणनीतिसँग मेल हुनुपर्नेछ ।

## परिच्छेद-३

## बीमकको मुद्दती निक्षेपमा लगानी सम्बन्धी व्यवस्था

४. **मार्गदर्शनको दायराः** यो मार्गदर्शन प्राधिकरणद्वारा इजाजतपत्र प्राप्त सम्पूर्ण बीमक र उक्त बीमकहरूले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त “क” वर्ग, “ख” वर्ग र “ग” वर्गको बैंक तथा वित्तीय संस्थाहरूको मुद्दती निक्षेपमा गरेको लगानीमा लागू हुनेछ ।

५. **लगानीको सीमाः** (१) बीमकको मुद्दती निक्षेपमा भएको कुल लगानीको समग्र सीमा प्राधिकरणद्वारा जारी गरिएको लगानी निर्देशन अन्तर्गत तोकिएको क्षेत्रगत सीमा भित्र हुनुपर्नेछ ।

(२) बीमकले एउटै बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानी गर्दा बीमकको लगानी निर्देशनमा तोकिएको सीमा भन्दा बढी हुने गरी लगानी गर्न पाइने छैन ।

## परिच्छेद-४

## एयरमार्क प्रणालीको प्रयोग सम्बन्धी व्यवस्था

६. **एयरमार्क गर्नुपर्नेः** (१) बीमकको मुद्दती निक्षेपमा हुने प्रत्येक लगानी प्राधिकरणको पक्षमा ग्रहणाधिकार (Lien) गरिएको हुनुपर्नेछ ।

(२) सम्पूर्ण बीमकले मुद्दती निक्षेपमा गरिएको लगानी प्राधिकरणको नाममा ग्रहणाधिकार (Lien) स्थापना गर्न तथा फुकुवा गर्न एयरमार्क प्रणालीको प्रयोग गर्नु पर्नेछ ।

७. **आधिकारिक लगइन आइडीको प्रयोग गर्नुपर्नेः** (१) बीमकले एयरमार्क प्रणालीको प्रयोग गर्नका लागि प्राधिकरणबाट सम्बन्धित अधिकारीलाई प्रदान गरिएको आधिकारिक युजरनेम तथा पासवर्डको प्रयोग गर्नुपर्नेछ।

(२) प्राधिकरणद्वारा उपलब्ध गराईएको युजरनेम तथा पासवर्डको सुरक्षाको जिम्मेवारी प्रयोगकर्ता स्वयंमको हुनेछ र उक्त युजरनेम तथा पासवर्ड अन्य व्यक्तिलाई शेयर गर्न पाइने छैन।

८. **अभिलेख राख्नु पर्नेः** (१) बीमकले प्राधिकरणमा पठाएको एयरमार्क सम्बन्धी विवरणको प्रतिलिपि सुरक्षित रूपमा अभिलेख राख्नु पर्नेछ।

(२) बीमकले उपदफा (१) बमोजिम अभिलेख राखेको प्रतिलिपि प्राधिकरणले माग गरेको समयमा पेश गर्नु पर्नेछ।

## परिच्छेद-५
## एयरमार्क प्रणालीको प्रक्रियागत प्रवाह सम्बन्धी व्यवस्था

९. **बीमकको लागि एयरमार्क सम्बन्धी प्रक्रियाः** (१) ब्लक रिक्वेष्ट गर्दा बीमकले सम्बन्धित मुद्दती निक्षेपको नम्बर (FD Number), मुद्दती निक्षेप सुरु मिति (FD Start Date) र मुद्दती निक्षेपको परिपक्वता मिति (FD Maturity Date) को प्रमाणीकरणका लागि देहाय बमोजिमको कागजात संलग्न गर्नुपर्नेछः

क. निवेदन

ख. मुद्दती निक्षेप रसिद (Fixed Deposit (FD) Receipt)

ग. प्रस्तावित मुद्दती निक्षेपमा गरिएको लगानी प्राधिकरणबाट जारी लगानी निर्देशनमा तोकिएको सीमा भित्र रहेको भनी बीमकको वित्त प्रमुखद्वारा प्रमाणित स्व-घोषणा पत्र।

(२) एकै मितिमा सुरु हुने मुद्दती निक्षेप खाताहरूको लागि एकल स्व-घोषणा पत्र जारी गर्न सकिनेछ।

(३) मुद्दती निक्षेप खाता खोलिएको **पन्ध्र (१५)**[1] कार्य दिन भित्र एयरमार्क प्रणालीमा ब्लक रिक्वेष्ट पेश गर्नुपर्नेछ र उक्त अवधि पश्चात पेश गरिएको कुनै पनि ब्लक रिक्वेष्ट उपर कारवाही अगाडी बढाइने छैन।

(४) बीमकबाट ब्लक रिक्वेष्ट प्राप्त भएपश्चात प्राधिकरणले संलग्न कागजातहरूसँग मुद्दती निक्षेप खाताको विवरण प्रमाणीकरण गरेपछि एयरमार्क प्रणालीमा उक्त रिक्वेष्ट स्वीकृत गर्नेछ।

(५) ब्लक रिक्वेष्टमा पेश गरिएका विवरणहरूमा भिन्नता भएमा उक्त रिक्वेष्टलाई कारण उल्लेख गरी अस्वीकार गरिनेछ, यसरी अस्वीकृत रिक्वेष्टमा बीमकले आवश्यक सुधार गरी वा आवश्यक विवरणहरू संलग्न गरी पुन: पेश गर्नुपर्नेछ।

(६) प्राधिकरणद्वारा ब्लक रिक्वेष्ट प्रमाणीकरण भएपश्चात उक्त रिक्वेष्टलाई सम्बन्धित बैंक तथा वित्तीय संस्थामा कार्यान्वयनका लागि एयरमार्क प्रणालीद्वारा पठाइनेछ।

[1] प्रथम संसोधनद्वारा संसोधित

(७) प्राधिकरणको नाममा एयरमार्क गरिएको परिपक्व भएका मुद्दती निक्षेपहरू फुकुवा गर्नका लागि बीमकले अनब्लक रिक्वेष्ट गर्नुपर्नेछ।

(८) मुद्दती निक्षेप परिपक्व हुनु भन्दा सात (७) कार्य दिन अघि बीमकद्वारा एयरमार्क प्रणालीमा अनब्लक रिक्वेष्ट गर्न पाइनेछ।

(९) अनब्लक रिक्वेष्ट गर्दा बीमकले निवेदन पत्रका साथै सम्बन्धित मुद्दती निक्षेपको रसिद समेत संलग्न गर्नुपर्नेछ।

(१०) परिपक्व भएका मुद्दती निक्षेप अनब्लक गरी फुकुवा गर्नको लागि विभिन्न मितिमा परिपक्व हुने मुद्दती निक्षेपका लागि अलग अलग निवेदन पेश गर्नुपर्नेछ।

तर, एउटै मितिमा परिपक्व हुने मुद्दती निक्षेपहरूका लागि एउटै निवेदन पेश गर्न सकिनेछ।

१०. **बैंक तथा वित्तिय संस्थाहरूका लागि एयरमार्क सम्बन्धी प्रक्रियाः** (१) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरूले बीमकहरूद्वारा पेश गरिएका र प्राधिकरणद्वारा विधिवत रूपमा प्रमाणित गरिएका मुद्दती निक्षेपहरू ब्लक तथा अनब्लक कार्यान्वयन गर्नका लागि एयरमार्क प्रणालीको प्रयोग गर्नुपर्नेछ।

(२) बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो कोर बैंकिङ प्रणाली (Core Banking System) मा बीमकहरूद्वारा मुद्दती निक्षेपमा गरिएका लगानी नेपाल बीमा प्राधिकरणको नाममा एयरमार्क गर्नुपर्नेछ।

(३) प्राधिकरणद्वारा ब्लक रिक्वेष्टको स्वीकृति इमेल मार्फत प्रमाणिकरण भएपश्चात एयरमार्क प्रणालीमा यथाशिघ्र मुद्दती निक्षेप एयरमार्क गर्नु पर्नेछ।

(४) प्राधिकरणद्वारा अनब्लक रिक्वेष्टको स्वीकृति इमेल मार्फत प्रमाणिकरण भएपश्चात मात्र उक्त मुद्दती निक्षेप फुकुवा गर्नु पर्नेछ।

## परिच्छेद-६

## विविध

११. **समयपूर्व फुकुवाको प्रकृया:** (१) बीमकले असाधारण परिस्थितिहरूमा मुद्दती निक्षेपको समयपूर्व फुकुवाको लागि लिखित रूपमा कारण सहित सम्बन्धित कागजात तथा विवरणहरू संलग्न गरी निवेदन दिन सक्नेछ।

(२) प्राधिकरणले समय पूर्व फुकुवाको लागि बीमकबाट प्राप्त निवेदनको मूल्याङ्कन गर्नेछ र उल्लेख गरिएको कारण मनासिव देखिएमा फुकुवा प्रक्रिया अगाडी बढाउन सक्नेछ।